अग्नीसाइर कृष्णासवरन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ईमेल : asks.gapa@gmail.com
Web:www.agnisairkrishnasawaranmun.gov.np
२ नं प्रदेश, नेपाल

# मौजुदा सूचि दर्ता गराउने बारेको सूचना

प्रकाशित मिति - २०७५/०४/०१ गते

यस गाउँपालिकाको कार्यालयको लागि आ.व. ०७५/०७६ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधन सहित) मा भएको कानुनी व्यवस्था वमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिले आ.व. ०७३/०७४ को व्यवसाय नविकरण भएको प्रमाण पत्र, करचुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) वमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. ०७४/०७५ मा यस कार्यालयमा सूचीदर्ता गरेका तथा आ.व. ०७५/०७६ मा समेत अद्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनिले आ.व.०७३/०७४ को करचुक्ता र व्यवसाय नविकरणको प्रमाणपत्रको फोटोकपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

तपशिल-

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति,
२. फर्निचर तथा फर्निसिङ सामान आपूर्ति तथा मर्मत सम्वन्धि कार्य,
३. मेशिनरि औजार (कम्प्यूटर, प्रिन्टर, फोटोकपि मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. सवारी साधन (कार, जिप, भ्यान , मोटर साईकल आदि) को पार्ट पूर्जा आपूर्ति तथा मर्मत सम्वन्धि कार्य,
६. भवन मर्मत सम्भार एवं निर्माण सम्वन्धि सेवा,
७. कुरियर सेवा,
८. प्रशासनिक विषयहरु संग सम्वन्धित अध्ययन, अनुसन्धान तथा विभिन्न विषय संग सम्वन्धित सफ्टवेयर निर्माण मर्मत तथा आपूर्ति र सूचना प्रविधि सम्वन्धि विभिन्न परामर्श सेवा,
९. फलफूलका विरुवा सप्लाई लगायत वगौंचा व्यवस्थापन सम्वन्धि कार्य ।

राजीव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner